"कोशीको गौरव हिमालको शान,
पर्यटन वर्षमा सबैलाई सम्मान"

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
# पूर्वाधार विकास कार्यालय, झापा
भद्रपुर, नेपाल

कोशी प्रदेश

पत्र.सं.२०८२/८३ मितिः-२०८३/०३/१७
च.नं. ३४९६

## "कर्मचारीमाथि भएको कुटपिट तथा सांघातिक आक्रमणप्रति गम्भीर ध्यानाकर्षण"

मिति २०८३/०३/१५ गतेका दिन अन्दाजी विहान ९:३० बजेको समयमा पूर्वाधार विकास कार्यालय, भोजपुर कार्यालयमा कार्यरत सब-इन्जिनियर श्री आनन्द कुमार साह आफ्नो कार्यस्थल भोजपुर-मानेभञ्ज्याङ-बैकुण्ठे- वांसिखोरा-वालांखा-रानिटार सडक अन्तर्गत (रामप्रसाद राई गाउँपालिका-७ छापगाँउ वांसिखोरा सडक खण्ड) निर्माण आयोजनाका कामदारहरुको एक समूहले सांघातिक आक्रमण गरी निर्घात कुटपिट गरेको र कार्यालयको कार्य वातारण भयभित बनाएको घटना प्रति यस पूर्वाधार विकास कार्यालय, झापा गम्भीर दु:ख व्यक्त गर्दै घोर भत्सर्ना गर्दछौ।

सार्वजनिक सेवा प्रवाह गर्ने क्रममा फिल्डमा खटिइ कामकाज गर्ने राष्ट्रसेवक कर्मचारी माथी यस्तो हिंसात्मक, अमर्यादित तथा अराजक गतिविधि कुनै पनि दृष्टिकोणबाट स्वीकार्य हुन सक्दैन। यस घटनाले कर्मचारीहरुको मनोवलमा गम्भीर असर पार्नुका साथै सुरक्षित र मर्यादित कार्य वातावरण माथि नै चुनौति सिर्जना गरेको छ। यस प्रकारको गैरकानूनी तथा अपराधिक घटनामा संलग्न व्यक्ति माथि तत्काल निष्पक्ष छानबिन गरी प्रचलित कानून बमोजिम कडा कारबाही गर्न सम्बन्धित निकाय समक्ष पूर्वाधार विकास कार्यालय,झापा जोडदार माग गर्दछौ।यस घटनावाट पिडित सव-इन्जिनियर आनन्द कुमार साहको सिघ्र स्वास्थलाभको कामना गर्दछौं।

फोन नम्बर ०२३-४५३३१९ईमेल: idojhapa11@gmail.com